मिति: २०७८।१०।०५

# धादिङ जिल्ला अदालतबाट जारी गरिएको

# सूचना सूचना सूचना

हालसालै तिव्र गतिमा फैलिदै गरेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोनका कारण उत्पन्न भएको असहज परिस्थितिबाट सम्पूर्ण सरोकारवालाहरुको स्वास्थ्य, सुरक्षा र रोग संक्रमणको जोखिम न्यूनिकरण गर्न अत्यावश्यक देखिएको हुँदा मुद्दा सुनुवाई लगायतका काम कारवाहीलाई व्यवस्थित ढंगले संचालन गर्न उपयुक्त देखिएकाले सम्मानित सर्वोच्च अदालतको च.नं. ८१० मिति २०७८/१०/०४ मा भएको पत्राचार समेतलाई दृष्टिगत गरी यस अदालतको मिति २०७८/१०/०५ गतेको पूर्ण बैठकको निर्णयबाट मिति २०७८/१०/०९ गते देखि मिति २०७८/१०/२१ गते सम्मका लागि अर्को आदेश वा व्यवस्था नभएसम्म स्वास्थ्य मापदण्डको पालना गरी देहायका कामकारवाही मात्र सम्पादन हुने र अन्य सेवाहरु स्थगन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. फिरादपत्र, प्रतिउत्तरपत्र र अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, अंग पुगेका थुनुवा मुद्दाहरुको सुनुवाई,
२. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन,
३. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन,
४. आफै वा प्रहरीद्वारा पक्राउ परि आएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी,
५. मिलापत्र, मुद्दा फिर्ता,
६. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा,
८. कसूर ठहर भएका मुद्दाहरुमा सजाय निर्धारण गर्ने ।
९. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने,
१०. मिति २०७८।१०।२१ गते पश्चातका कामकारवाही सम्बन्धमा पुनः निर्णय भए अनुसार हुने।